नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(........................................शाखा)

प.सं. :

च.नं. :

सिंहदरवार, काठमाण्डौं

मितिः २०७४/१२/०५

## प्रेस विज्ञप्ति

आज मिति २०७४/१२/०५ गते माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री शेरबहादुर तामाङज्यूले मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको आगामी कार्ययोजना तथा प्राथमिकताका विषयमा जानकारी गराउनु भयो। पत्रकार सम्मेलनको क्रममा माननीय मन्त्रीज्यूले आफ्नो सम्पत्ति विवरण समेत जानकारी गराउनु भएको थियो। मन्त्रालयको आगामी कार्ययोजना र प्राथमिकताका विषयमा गराइएको जानकारीको विस्तृत विवरण तथा नेपालको संविधान बमोजिम संघले बनाउनु पर्ने कानूनहरु मध्ये बनाउन बाँकी कानूनको विवरण यसैसाथ संलग्न गरिएको छ।

(डिल्लीराज घिमिरे)
सहसचिव एवम् प्रवक्ता

फोन: ४-२११९८७, ४-२११७८६, ४-२११६३०, ४-२११७४१, ४-२११६३४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७
फ्याक्स नं.: ४-२११६८४

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको आगामी कार्ययोजना र प्राथमिकता

१. अबको एक वर्षभित्र संविधानसँग बाझिएका कानून खारेज हुनेछन् । त्यसैले पहिलो प्राथमिकता संविधान कार्यान्वयन गर्न आवश्यक कानूनहरुको निर्माण हुनेछ । संविधान बमोजिम संघले थप ४१ विषयमा नयाँ कानून बनाउनु पर्ने वा भैरहेका कानूनमा संशोधन गर्नुपर्ने देखिएको छ । त्यसका लागि समयसीमा सहितको कार्ययोजना बनाई कानून तर्जुमा गरिनेछ । यी विषयमध्ये अन्य मन्त्रालयहरुले बनाउनु पर्ने विषयको हकमा सम्बन्धित मन्त्रालयहरुलाई १५ दिनको समयसीमा तोकी आजै पत्राचार गरिनेछ ।

२. प्रदेश र स्थानीय तहले निर्माण गर्नुपर्ने कानून तर्जुमा गर्न प्रदेश र स्थानीय तहलाई आवश्यक सहयोग र सहजीकरण गरिनेछ । यसका लागि नमूना कानुनको मसौदा गरी प्रदेश र स्थानीय तहलाई उपलब्ध गराइनेछ । यसका कार्यमा माननीय महान्यायाधिवक्ताको संयोजकत्वमा गठन भएको सहजीकरण समितिबाट आवश्यक सहयोग लिइनेछ ।

३. सहकारिता, सहअश्तित्व र समन्वयको सिद्धान्तमा आधारित संघियता कार्यान्वयनको लागि तीन तहको बीचको अन्तर सम्बन्धका बारेमा संविधानको धारा २३५ बमोजिमको कानून तत्काल तर्जुमा गरिनेछ ।

४. संविधान जारी भएको तीन वर्षभित्र संविधानले व्यवस्था गरेका मौलिक हकको कार्यान्वयनको लागि कानून निर्माण भैसक्नु पर्नेछ । सो अवधि अब करिब ६ महिनामात्र बाँकी छ । त्यसैले मौलिक हकको कार्यान्वयनका लागि यस मन्त्रालय र अन्य मन्त्रालयबाट तर्जुमा गर्नुपर्ने कानून पहिचान गरी तर्जुमा कार्य अघि बढाइनेछ । यस मन्त्रालयबाट साक्षी संरक्षण तथा अपराध पीडितको हक सम्बन्धी कानूनको मसौदा गरिनेछ ।

५. मौलिक हक कार्यान्वयन गर्न महिला उपर हुने सबै प्रकारका हिंसा र भेदभावलाई पूर्ण नियन्त्रण गर्न तत्सम्बन्धी कानूनको पुनरावलोकन गरी महिलालाई विशेष संरक्षण प्रदान गर्ने सम्बन्धमा कानून तर्जुमा गरिनेछ ।

६. समाजमा हुने सबैप्रकारका जातीय विभेदलाई दण्डनीय बनाई संविधानले दलितको सम्बन्धमा व्यवस्था गरेको मौलिक हकको पूर्ण कार्यान्वयन गर्न नयाँ कानून तर्जुमा गरिनेछ ।

७. संविधानले शिक्षा, स्वास्थ्य, वातावरण, रोजगारी, आवास, खानेपानी जस्ता नयाँ हकहरुको समेत व्यवस्था गरेकोले त्यसको सम्बन्धमा छुट्टै अध्ययन गरी नयाँ कानून तर्जुमा गरिनेछ ।

८. सामाजिक संविधानको रुपमा जारी भएका मुलुकी देवानी तथा फौजदारी संहिताहरु आगामी २०७५ भदौ १ गतेदेखि प्रारम्भ हुनेछन् । नेपालको कानूनी इतिहासमा त्यो एउटा ऐतिहासिक दिन हुनेछ । त्यसलाई इतिहासमा सधैं स्मरण हुनेगरी भव्य कार्यक्रमका साथ संहिताहरु प्रारम्भ गरिनेछन् ।

९. मुलुकी देवानी तथा फौजदारी संहिताहरुको प्रभावकारी कार्यान्वयनका लागि सरकारी निकाय, अदालत, सरकारी वकील, प्रहरी, अर्ध न्यायिक निकायहरु, स्थानीय तह, कानून व्यवसायी र सरोकारवाला सबैका बीचमा प्रचार प्रसार तथा सचेतनतामूलक कार्यक्रम सातै प्रदेशमा सञ्चालन गरिनेछ ।

१०. संविधानको सर्वोच्चता, कानूनको शासन र शक्तिपृथकीकरणको सिद्धान्तको पूर्ण अवलम्बनका लागि सरकारका तीनै अंगहरुका बीच आपसी सम्बन्ध र सम्मान सुदृढ गर्न मन्त्रालयले आवश्यक सेतुको भूमिका निर्वाह गर्नेछ ।

११. जनताले भरोसा र विश्वासका साथ न्यायका लागि न्यायपालिकाको शरणमा पुग्ने वातावरण सुनिश्चित नभई कानूनको शासन स्थापित हुन सक्दैन । यसका लागि न्यायपालिका जनसाधारणमा मर्यादित हुन आवश्यक हुन्छ । न्यायपालिका प्रतिको जनविश्वास अभिवृद्धि गर्न असल अभ्यासहरुको अनुभव समेतको आधारमा सम्बन्धित कानूनमा परिमार्जन गरिनेछ ।

१२. न्यायाधिशहरुको आचरण कायम राख्न न्यायाधिशहरुको सम्पत्ति विवरण सार्वजनिक गर्ने गरी कानून परिमार्जन गर्ने लगायतका उपायहरुको अध्ययन गरी कानून परिमार्जन गरिनेछ । न्यायाधिशहरुको आचार संहिताको पूर्ण कार्यान्वयनको सुनिश्चितताको लागि आवश्यक कार्य गरिनेछ ।

१३. न्यायपालिकालाई साधन स्रोतले सम्पन्न बनाउन आवश्यक सबै कार्य गरिनेछ । न्यायपालिकाको लागि आवश्यक सबै स्रोत नेपाल सरकारले उपलब्ध गराई न्यायपालिकाले बाह्य स्रोत खोज्नु पर्ने अवस्थाको अन्त्य गरिनेछ ।

१४. असमर्थ पक्षका लागि कानूनी सहायता मौलिक हकको रुपमा रहेको छ । हाल भैरहेको यस सम्बन्धी व्यवस्था प्रभावकारी हुन सकेको छैन । वास्तविक असमर्थ पक्ष कानूनी सहायताबाट बञ्चित नहोस भन्ने कुरा सुनिश्चित हुने गरी एकीकृत कानूनी सहायता नीति तर्जुमा गरी तदनुरुप कानूनी र संस्थागत व्यवस्था गरिनेछ ।

१५. कानून तर्जुमामा संलग्न हुने कानुन मन्त्रालय र नेपाल कानून आयोग जस्ता निकायहरुको क्षमता अभिबृद्धि गरिनेछ ।

१६. नेपालको न्यायप्रशासनमा समयबद्ध सुधारका लागि पूर्व प्रधान न्यायाधीशज्यूहरु, न्यायाधिशज्यूहरु, कानून र न्यायका क्षेत्रमा स्थापित व्यक्तित्वहरुसँग नियमित सम्वादको माध्यमबाट नेपालको न्यायप्रणालीमा सुधारको काम गरिनेछ ।

माननीय श्री शेर बहादुर तामाङ

मन्त्री

कानून, न्याय तथा संसदीय मामिला

नेपालको संविधान बमोजिम संघले बनाउनु पर्ने कानूनहरुमध्ये बनाउन बाँकी कानूनका विषयहरुको विवरण

| क्र.सं. | बनाउनु पर्ने कानूनको विषय |
|---|---|
| १. | मौलिक हक कार्यान्वयन सम्बन्धी अन्य कानून नेपालको संविधान अनुकूल नभएका कानूनको पुनरावलोकन -धारा ३०४ |
| २. | सामाजिक वा सांस्कृतिक रुपले पिछडिएका वर्ग समुदाय र आर्थिक रुपले विपन्न नागरिकलाई विशेष संरक्षण तथा सामाजिक सुरक्षा सम्बन्धी कानून -धारा ४२ र ४३ |
| ३. | प्रधानमन्त्री र मन्त्रीको पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धी कानून -धारा ७९ |
| ४. | राष्ट्रिय मानव अधिकार आयोगको गठन सम्बन्धी कानून –धारा २४९ (५) |
| ५. | लोक सेवा आयोग र कार्यविधि -धारा २४३ (९) |
| ६. | महाअभियोगबाट पदमुक्त हुने व्यक्तिलाई पदमा रहँदाको अवस्थामा कसूर गरेको भएमा कसूरमा कारबाही गर्ने सम्बन्धी विषय -धारा १०१(८) |
| ७. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन (भ्रष्टाचार नियन्त्रण समेत) -धारा २३९ (६) |
| ८. | संघीय आर्थिक कार्यविधि सम्बन्धी ऐन -धारा १२५ |
| ९. | संघीय लेखा परीक्षण ऐन –धारा २४१ (४) र (५) |
| १०. | महान्यायाधिवक्ताको पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धी कानून - धारा १५७ (५) |
| ११. | संघीय न्याय सेवाका कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी कानून -धारा १५५ |
| १२. | सरकारी वकील तथा महान्याधिवक्ताको मातहतमा रहने अन्य कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी व्यवस्था -धारा १६१ |
| १३. | नागरिकता सम्बन्धी कानून<br>नागरिकता प्राप्ति, पुनः प्राप्ति समाप्ति धारा १३<br>गैर आवासीय नेपाली नागरिकता -धारा १४<br>नेपाली नागरिकको परिचय खुल्ने अभिलेख - धारा १५ |
| १४. | यातनालाई दण्डनीय बनाई पीडितलाई क्षतिपूर्ति सम्बन्धी कानून -धारा २२ |
| १५. | निवारक नजरवन्दलाई दण्डनीय बनाइ पीडितलाई क्षतिपूर्ति सम्बन्धी कानून -धारा २३ को उपधारा (१) र (३) |
| १६. | **शोषण विरुद्धको हक सम्बन्धी**<br>विभिन्न स्वरुपका शोषणलाई दण्डनीय बनाई पीडितलाई क्षतिपूर्ति सम्वन्धी कानून -धारा २९ |
| १७. | राष्ट्रिय सभाको निर्वाचन सम्बन्धी कानून -धारा ८६(६) |
| १८. | **वातावरण सम्बन्धी कानून** - धारा ३०<br>क. स्वच्छ वातावरण सम्बन्धी कानून<br>ख. वातावरण प्रदुषण गर्ने कार्यलाई दण्डनीय बनाइ पीडितलाई क्षतिपूर्ति सम्बन्धी कानून |
| १९. | • बालवालिका सम्बन्धी कानून<br>• पिडित बालबालिलकाको क्षतिपूर्ति पाउने हक सम्बन्धी कानून –धारा ३९ |
| २०. | महिलाको विशेष अवसर सम्बन्धी कानून -धारा ३८ (५) |
| २१. | ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा सम्बन्धित कानून – धारा ४१ |
| २२. | **दलितको हक सम्बन्धी कानून –धारा ४०**<br>•दलितलाई छात्रवृत्ति सहित निःशुल्क शिक्षा सम्बन्धी कानून<br>•प्राविधिक र व्यावसायिक उच्च शिक्षामा विशेष व्यवस्था गर्ने कानून<br>•दलितको प्रतिनिधित्व सम्बन्धी कानून |
| २३. | सबै प्रकारका छुवाछुत तथा भेदभावलाई दण्डनीय बनाउने र क्षतिपूर्ति सम्बन्धी कानून –धारा २४ |

| | |
|---|---|
| २४. | राष्ट्रिय सुरक्षा परिषद सम्बन्धी अन्य व्यवस्था –धारा २६६ (४) |
| २५. | संघीय सरकारी सेवाको गठन र सञ्चालन सम्बन्धी कानून –धारा २८५ |
| २६. | कृषकको अधिकार सम्बन्धी कानून *-धारा ४२(४)* |
| २७. | संघीय संसदको महासचिव, प्रतिनिधिसभाको सचिव र राष्ट्रियसभाको सचिवको पारिश्रमिक र सेवाका अन्य शर्त सम्बन्धी कानून *- धारा १०६(२)* |
| २८. | संघीय संसद सचिवालयको स्थापना र व्यवस्थापन सम्बन्धी कानून *-धारा १०७* |
| २९. | संघीय संसदको महासचिव, प्रतिनिधिसभाको सचिव र राष्ट्रियसभाको सचिवको योग्यता, काम कर्तव्य र अधिकार -धारा १०६ (२) |
| ३०. | महान्यायधिवक्ताको काम, कर्तव्य र अधिकार तथा कार्यविधि सम्बन्धी कानून *-धारा १५८* |
| ३१. | खाद्य अधिकार सम्बन्धी कानून *-धारा ३६* |
| ३२. | गोपनियता सम्बन्धी कानून *-धारा २८* |
| ३३. | **दलितको हक सम्बन्धी कानून**<br>दलितलाई जमिन उपलब्ध गराउने सम्बन्धी कानून *-धारा ४०*<br>बसोबास सम्बन्धी कानून<br>दलितको स्वास्थ्य र सामाजिक सुरक्षा सम्बन्धी कानून |
| ३४. | स्वास्थ्य सेवा, उपचार र पहुँच सम्बन्धी कानून -धारा ३५ |
| ३५. | रोजगारी र वेरोजगार सहायता सम्बन्धी कानून -धारा ३३ |
| ३६. | प्रदेश लोक सेवा आयोगको काम, कर्तव्य सम्बन्धी आधार र मापदण्ड सम्बन्धी कानून-*धारा २४४(२) र२४४(३)* |
| ३७. | **सम्पत्तीको उपयोग सम्बन्धी कानून** *- धारा २५*<br>बौद्धिक सम्पत्ति सम्बन्धी कानून,<br>प्रतिलिपि अधिकार सम्बन्धी कानून<br>अचल सम्पत्ति सम्बन्धी कानून |
| ३८. | प्रदेश न्याय सेवा आयोगको गठन र नियुक्ति, प्रदेश न्याय सेवाका कर्मचारीको पारिश्रमिक, सुविधा र सेवाका शर्त सम्बन्धी कानून *-धारा १५६* |
| ३९. | जनमत संग्रह सम्बन्धी *- धारा २७५, २४३* |
| ४०. | संघ, प्रदेश र स्थानीय तह वीचको समन्वय, गाउँ कार्यपालिका वा नगर कार्यपालिकालाई गर्ने सहयोग र निर्देशन सम्बन्धी कानून *-धारा २३२ (२), -धारा २३५ (१)* |
| ४१. | आवासको हक सम्बन्धी कानून *-धारा ३७* |